# प्रेममा साँचो बोल्दै

भल्यूम १ "प्रेममा साँचो बोल्दै हामी सबै कुराहरूमा उहाँसम्म बढौं, जो शिर हुनुहुन्छ" - एफेसी ४:१५ अंक १४


के तपाईंले यस वर्ष (2026) बाइबल सुरुदेखि अन्त्यसम्म पढ्न सुरु गर्नुभएको छ? यदि छैन भने पनि ढिलो भएको छैन; तर अब सुरुदेखि अन्त्यसम्म पढिसक्न केही छुटेका भागहरू पूरा गर्नुपर्ने हुन्छ।

## गरिबको बुद्धिमानी उत्तर

एक अत्यन्त गरिब तर परमेश्वरभक्त वृद्ध मानिसलाई उनका धनी र सांसारिक छिमेकीले जिस्क्याए र हेला गरे। गरिब मानिस आबद्ध भएको मण्डलीतर्फ इङ्गित गर्दै धनी व्यक्तिले व्यंग्यका साथ भने, “तिमीहरू त गरिब भिखारी-हरूको एउटा झुन्ड मात्र हौ।” वृद्ध सज्जनले शान्त र दृढ स्वरमा उत्तर दिए, “मलाई त्यसमा कुनै आपत्ति छैन, किनकि बाइबलले भन्छ —‘भिखारी मरेर स्वर्ग गयो, तर धनी मानिस नरकमा गयो’” (लूका १६:२२–२३)। त्यसपछि आलोचक निःशब्द भए।

## परमेश्वरको वचन, बाइबल—भरपर्दो छ!

बाइबलले आफूलाई परमेश्वरको वचन भएको दाबी गर्छ। साँचो मण्डलीले यस दाबीलाई स्वीकार गर्छ, र आधुनिक विज्ञानले पनि बढ्दो रूपमा यसको सत्यता देखाउँदै आएको छ। भौगोलिक, ऐतिहासिक, भौतिक, सामाजिक, नैतिक, मनोवैज्ञानिक र आत्मिक दृष्टिले बाइबल निरन्तर सही ठहरिँदै गएको छ। बाइबलका भविष्यवाणीहरू (र यस्ता सयौँ छन्) मात्रैले पनि बाइबल परमेश्वरको वचन हो भन्ने प्रमाण दिन्छन्।

पुरानो नियममा हाम्रो प्रभुको विश्वासघात, न्याय, मृत्यु र गाडिने घटनासँग सम्बन्धित कम्तीमा २५ वटा विशेष भविष्यवाणीहरू उल्लेख गरिएका छन्। ती करिब ५०० वर्षको अवधिमा विभिन्न अगमवक्ताहरूले बोलेका थिए, तर ख्रीष्टको जीवनका अन्तिम २४ घण्टामा भएका घटनाहरूमा ती हुबहु पूरा भए। सम्भावनाको गणितीय नियम अनुसार यी भविष्यवाणीहरू ठीक त्यही रूपमा पूरा हुने सम्भावना करिब ३,३५,५४,४३२ मध्ये केवल एक मात्र हुन्छ। वास्तवमा, पृथ्वीमा रहँदा प्रभु येशू ख्रीष्टद्वारा पुरानो नियमका करिब ११० वटा भविष्यवाणीहरू शब्दशः पूरा भएका छन्। यी सबै कुरा केवल संयोगवश पूरा भएका हुन् भन्ने सम्भावना यति न्यून छ कि कुनै पनि सोच्ने र बुद्धिमान मानिसले बाइबल परमेश्वरद्वारा प्रेरित हो भनेर स्वीकार गर्नैपर्छ।

यही भरपर्दोपनाको प्रमाणले तपाईंलाई विश्वास गर्न र आज्ञापालन गर्न आह्वान गर्दछ। — Christian Heritage (Fellowship मा उद्धृत)

## सन्देहवादीलाई जवाफ

एक परमेश्वरभक्त आमाले हरेक आइतबार साँझ आफ्ना छोराछोरीलाई साँचो विश्वाससम्बन्धी प्रश्न–उत्तरहरू सिकाउने गर्थिन्। एक साँझ उनले आफ्ना बच्चाहरूलाई कोठामा आफ्नो वरिपरि भेला गरेर त्यसैगरी सिकाइरहेकी थिइन्। त्यही बेला उनका बिरामी पतिलाई हेर्न आएका एक अविश्वासी डाक्टर कोठामा आएर बिरामीको ओछ्यानछेउ बसे। उसले साना बच्चाहरूलाई बाइबलका प्रश्न–उत्तरहरू एकपछि अर्को दोहोर्‍याइरहेको सुनेपछि अन्ततः आमालाई रोक्दै भने, “म्याडम, तपाईं किन आफ्ना छोराछोरीलाई यस्ता कुराहरू सिकाउनुहुन्छ?” आँसु भरिएका आँखाले उसलाई हेर्दै आमाले उत्तर दिइन्, “डाक्टर साहेब, यसले उनीहरूलाई सन्देहवादबाट* जोगाओस्, उनीहरूलाई उद्धारको बाटोतर्फ डोर्‍याओस्, र म मरेपछि पनि उनीहरूको आत्मालाई पोषण दिओस् भनेर हो।” उनको विश्वासको शक्तिले प्रभावित भएर त्यो मानिस काँप्दै कोठाबाट बाहिर गए। -JFH



**सन्देहवाद: परमेश्वर, बाइबल वा विश्वासका सत्यहरूप्रति शंका गर्ने सोच*

© 2026 WORDOFTRUTH.COM.NP

# परमेश्वरले संसारमा के गर्दै हुनुहुन्छ?

अध्याय ४ [४ मध्ये भाग २]

## अगमवक्ताहरूको सन्देश

पुरानो नियमका अगमवक्ताहरूले आउने उद्धारकर्ताबारे धेरै कुराहरूको भविष्यवाणी गरेका थिए। तिनीहरूले उहाँलाई मुख्यतः दुई तरिकाले चित्रण गरे: दुःख भोग्ने सेवकको रूपमा, जसले मानिसको पापको दण्ड तिर्न मर्नुहुनेछ (यशैया ५२:१३–५३:१२), र महिमामय राजाको रूपमा, जसले फेरि संसारभरि परमेश्वरको ईश्वरशासित राज्य स्थापना गर्नुहुनेछ (यशैया ६:६–७; दानिएल ७:१३–१४)।

अगमवक्ताहरूले प्रकट गरे कि जब उद्धारकर्ताले भविष्यको ईश्वरशासित राज्य स्थापना गर्नुहुनेछ, तब उहाँले मानिसको पापका सबै दुःखद परिणामहरूलाई उल्ट्याउन थाल्नुहुनेछ। उदाहरणका लागि, उहाँले जनावरहरूको स्वभाव परिवर्तन गर्नुहुनेछ, जसले गर्दा सबै जनावरहरू फेरि पूर्ण रूपमा नम्र र शान्त हुनेछन् (यशैया ११:६–९; ६५:२५)। उहाँले सबै रोगहरू र अङ्गभङ्गहरू निको पारेर मृत्युका प्रभावहरूलाई उल्ट्याउनुहुनेछ (यशैया ३३:२४; ३५:५–६), सबै प्रकारका खतराहरू हटाउनुहुनेछ (इजकिएल ३४:२५–२६), र मानिसको आयु बढाउनुहुनेछ (यशैया ६५:२०, २२)। उहाँले पृथ्वीको उर्वरता यति धेरै पुनर्स्थापित गर्नुहुनेछ कि रूखहरू प्रशस्त बढ्नेछन् र धेरै फल फलाउनेछन् (यशैया ५५:१३; इजकिएल ४७:१२; योएल २:२१–२२), माछाहरूको ठूलो संख्या हुनेछ (इजकिएल ४७:६–१०), अन्न र दाखरसको प्रशस्तता हुनेछ (योएल २:२४; आमोस ९:१३), र सामान्य रूपमा खाद्यान्न यति प्रचुर हुनेछ कि अनिकाल समाप्त हुनेछ (यर्मिया ३१:१२–१४; इजकिएल ३४:२७–२९)। उहाँले पृथ्वीको वातावरणलाई पुनर्स्थापित गर्नुहुनेछ (इजकिएल ३६:२९–२७), यसको प्रदूषणसमेत शुद्ध पार्नुहुनेछ (इजकिएल ४७:१–१२), र युद्ध तथा अन्यायको अन्त गर्नुहुनेछ (यशैया २:२–४; ९:६–७; ११:२–५; यर्मिया २३:५; जकरिया ९:९–१०; मीका ४:१–३)।

अगमवक्ताहरूले आउने उद्धारकर्तालाई **अभिषिक्त जन** (भजन २) अथवा **मसीह** (दानिएल ९:२५–२६) भनेर उल्लेख गरे। साथै तिनीहरूले संकेत गरे कि उहाँ दाऊदका सन्तानको रूपमा दाऊदको सिंहासनमा विराजमान भई परमेश्वरको भविष्यको ईश्वरशासित राज्यमाथि शासन गर्नुहुनेछ (यशैया ९:६–७; यर्मिया २३:५–६; ३०:९; ३३:१४–१७; इजकिएल ३४:२३–२४; ३७:२४–२५)। यसरी उहाँले दाऊदसितको वाचा पूरा गर्नुहुनेछ (यर्मिया ३३:२०–२६)।

अन्ततः अगमवक्ताहरूले घोषणा गरे कि आउने ईश्वरशासित राज्य इस्राएलले पश्चात्ताप गरेर परमेश्वरतर्फ फर्किएपछि मात्र स्थापना हुनेछ (व्यवस्था ३०:१–१०; यर्मिया ३१:१६–४०; इजकिएल ३६:३२–३८; जकरिया १३:९; होशे ३:४–५)। यसरी इस्राएल राष्ट्र परमेश्वरको राज्यको पृथ्वीमा प्रकट हुने राजनीतिक स्वरूपको स्थापनामा एउटा प्रमुख कुञ्जी हो।

## यूनानी काल

फारसले परमेश्वरको उद्देश्य पूरा गऱ्यो, अर्थात् यहूदीहरूलाई आफ्नै देशमा फर्काएर पुनर्स्थापित गऱ्यो। जब त्यो उद्देश्य पूरा भयो, तब परमेश्वरलाई उहाँको सेवाका लागि फारसको अब आवश्यकता रहेन। त्यसैले ई.पू. ३३४ मा **अलेक्जेन्डर महान**का नेतृत्वमा रहेको यूनानी–म्यासिडोनी सेनाले फारसी साम्राज्यमाथि आक्रमण गऱ्यो। ई.पू. ३३१ सम्ममा फारसी साम्राज्य पूर्ण रूपमा ग्रीसबाट उदाएको नयाँ साम्राज्यद्वारा पराजित भइसकेको थियो।



*ग्रीसका सम्राट अलेक्जेन्डर महान्*

अलेक्जेन्डरले आफ्ना सेनाहरूलाई पूर्वतर्फ भारतको पञ्जाब क्षेत्रसम्म अघि बढाए। तर जब उनका सैनिकहरूले तीव्र र निरन्तर गराइने लामो यात्राहरू सहन सकेनन्, तब अलेक्जेन्डरले तिनीहरूलाई समूह–समूहमा सेवा मुक्त गरे। तीमध्ये धेरैजना जहाँ उनीहरूलाई सेवा मुक्त गरिएको थियो त्यहीँ बसोबास गर्न थाले, स्थानीय महिलाहरूसँग विवाह गरे र आफ्ना परिवार बसाए। यसको परिणामस्वरूप पूर्वदेखि पश्चिमसम्म र दक्षिणतिर इजिप्टसम्म एउटै साझा भाषा र संस्कृति फैलियो—त्यो थियो यूनानी (ग्रीक) भाषा र संस्कृति।

ई.पू. ३२३ मा अलेक्जेन्डरको अचानक मृत्यु भएपछि उनको साम्राज्यभित्र आन्तरिक संघर्ष सुरु भयो, किनकि उनका सेनापतिहरू र तिनका उत्तराधिकारीहरूले शासनको अधिकार पाउन आपसमा संघर्ष गरे। अन्ततः **टोलमी** र उनका उत्तराधिकारीहरूले इजिप्ट र पलिस्तीनमाथि अधिकार जमाए, भने सिरिया, बाबेलोनिया र एशिया माइनर **सेल्युकस**को वंशको अधीनमा परे।

टोलमीहरूको शासनकालमा यहूदीहरूको अवस्था राम्रो थियो। तर ई.पू. १६६ मा सिरियाका सेल्युकिदहरूले टोलमीहरूबाट भूमि कब्जा गरेपछि यहूदीहरूको अवस्था एक्कासि बदलियो। परमेश्वरका जनहरूमाथि शैतानले फेरि आक्रमण गर्‍यो। सेल्युकिद शासकहरूमध्ये एक **अन्तिओखस एपिफानेस** (ई.पू. १७५–१६३) ले आफ्नो सम्पूर्ण राज्यमा एउटै यूनानी संस्कृति र धर्म लागू गर्ने दृढ निश्चय गर्‍यो। यसको अर्थ परमेश्वरप्रति यहूदीहरूको उपासना नै समाप्त गर्ने प्रयास थियो। आफ्नो उद्देश्य पूरा गर्न अन्तिओखसले यहूदी बलिदानहरू बन्द गरायो। उसले मन्दिरको महापवित्र स्थानमा प्रवेश गरेर त्यसलाई अपवित्र बनायो, होमबलिको वेदीमा सुँगुर चढायो, र खतना तथा विश्रामदिन पालन गर्न निषेध गर्‍यो। उसले मूर्तिपूजाका वेदीहरू स्थापना गर्‍यो, मानिसहरूलाई मूर्तिपूजक बलिदान चढाउन बाध्य बनायो, जेऊस तथा अन्य यूनानी देवताहरूको पूजा चलायो, र व्यवस्थाको पुस्तकको प्रति राखेका यहूदीहरूलाई मृत्युदण्ड दिन थाल्यो। यी नीतिहरू पालन गर्न बाध्य पारिँदा परमेश्वरका जनहरू फेरि सत्यत्यागतर्फ धकेलिन पुगे।

यहूदीहरूका एक समूहले अन्तिओखसका नीतिहरूलाई उत्साहपूर्वक स्वीकार गरे। यस समूहको नेतृत्व पूजाहारी अभिजात वर्गले गर्‍यो। पछि यही समूह **सदूकीहरू** भनेर चिनिन थाल्यो। परमेश्वरले सत्यत्यागतर्फको यस प्रवृत्तिलाई यहूदीहरूको शुद्धमतवादी (orthodox) समूहमार्फत रोक्नुभयो। **मक्काबी** भनिने पुरुषहरूको एउटा परिवारको नेतृत्वमा यस समूहले अन्तिओखस र उसका सेनाहरूविरुद्ध संघर्ष गर्‍यो, र अन्ततः ई.पू. १६४ मा धार्मिक स्वतन्त्रता प्राप्त भयो तथा मन्दिरको उपासना पूर्ण रूपमा पुनर्स्थापित गरियो। पछि यो शुद्धमतवादी समूह **फरिसीहरू** भनेर चिनिन थाल्यो।

## रोमी कालको सुरुवात

ग्रीसले परमेश्वरको उद्देश्य पूरा गर्‍यो—भूमध्यसागर वरिपरिका देशहरूका लागि एउटा साझा भाषा उपलब्ध गराउने काम। पछि यही साझा भाषाले सुसमाचार र नयाँ नियमका पवित्रशास्त्रहरू फैलिन सजिलो बनायो। यूनानी साम्राज्यले आफ्नो सेवा पूरा गरेपछि यो रोमद्वारा पराजित भयो। ई.पू. ६३ मा इस्राएलको भूमि रोमी शासनअन्तर्गत आयो। पछि रोमीहरूले **हेरोद महान**लाई आफ्नो तर्फबाट यहूदियाको राजा नियुक्त गरे। हेरोदले ई.पू. ३७ मा आफ्नो शासन सुरु गर्‍यो।

साभार: What On Earth Is God Doing by Renald Showers

*(क्रमश: आगामी अंकमा)*

## पुनरावलोकन प्रश्नका उत्तर - अध्याय २

1. किनकि मुक्तिदाता आएमा शैतान र उसको कामको अन्त्य हुने थियो, त्यसैले त्यो उसको लागि घातक ठान्यो।
2. मुक्तिदाताको आगमन रोक्नु।
3. हाबिल नै मुक्तिदाता हुन सक्छ वा मुक्तिदाता हाबिलकै वंशबाट आउनेछ भन्ने।
4. १ यूहन्ना ३:१०–१२ ले कयिनको हत्यामा शैतानको संलग्नता देखाउँछ।
5. सेथ; यसको अर्थ “प्रतिस्थापक” हो।
6. परमेश्वरले अर्को धर्मी सन्तान उठाइदिनुहुन्छ भन्ने थाहा पाएर; अब उसले सम्पूर्ण मानव जातिलाई सत्यत्यागमा पार्ने योजना बनायो।
7. परमेश्वरलाई बेवास्ता गर्ने सोच, बहुविवाह, र हिंसा।
8. सेथको वंश पनि सत्यत्यागले प्रभावित भयो र मानव जाति भ्रष्ट भयो।
9. भ्रष्टता नूहका सन्तानसम्म नफैलियोस् र मुक्तिदाताको वंश जोगियोस् भनेर।
10. मानिसहरूलाई एउटै ठाउँमा राखेर नियन्त्रण र सत्यत्याग फैलाउन; परमेश्वरले भाषा खलबल पारेर रोक्नुभयो।
11. अब्राहामसितको करारमार्फत परमेश्वरले नयाँ राष्ट्र इस्राएल बनाउने योजना प्रकट गर्नुभयो।
12. व्यक्तिगत, राष्ट्रिय, र विश्वव्यापी प्रतिज्ञा।
13. उद्धारकर्ता अब्राहामको वंशबाट आउने र सबै मानवजातिलाई आशिष् दिने जनाउँछ।
14. उनीहरू परमेश्वरको योजनाअनुसार मिस्र गए; परमेश्वरले तिनीहरूलाई धेरै बढाउनुभयो र समृद्ध बनाउनुभयो।
15. फारोको हठी इच्छामार्फत इस्राएललाई नष्ट गर्ने प्रयास सुरु भयो।
16. इस्राएललाई क्रमबद्ध रूपमा नष्ट गर्ने दुष्ट योजना (बालकहरू मार्ने आदि)।

17. मोशालाई खडा गर्नुभयो र मिस्रमाथि दश विपत्तिहरू पठाउनुभयो।
18. समुद्रलाई दुई भाग पारेर इस्राएललाई पार गराउनुभयो र मिस्री सेना डुबाएर नष्ट गर्नुभयो।
19. तीतो पानी मीठो बनाउनुभयो, मन्ना र बटेर दिनुभयो, ढुंगाबाट पानी दिनुभयो।
20. इस्राएललाई सत्यत्याग र विकृत जीवनबाट सुरक्षित राख्न, उद्धारकर्ता नआएसम्म बाह्य नियन्त्रण दिन।
21. मोशाले प्रार्थना गर्दा परमेश्वरले अमालेकीहरूमाथि इस्राएललाई विजय दिनुभयो।
22. मूर्तिपूजा (सुनको बाछो) मा फसाउन खोज्यो।
23. आराधना गर्ने स्थान र परमेश्वरको विशेष वासस्थान; महिमाले भरिनु संरक्षणात्मक उपस्थितिको चिन्ह थियो।
24. पापी मानिस परमेश्वरसँग सही सम्बन्धमा आउन प्रतिस्थापनात्मक रगतको बलिदान चाहिन्छ भन्ने।
25. कनानीहरू ठूलो छन् भन्ने डरले अविश्वास र आतङ्क उत्पन्न भयो।
26. अविश्वासको कारण; पुरानो पुस्ता नमरेसम्म चालीस वर्ष भौंतारिन दिनुभयो।
27. असन्तोष, दिक्दारी, पानीको अभाव, विदेशी शक्तिहरू।
28. परमेश्वरले इस्राएललाई सैनिक विजय दिएर आक्रमणहरू प्रतिकार गर्नुभयो।
29. बालामलाई इस्राएललाई श्राप दिन भाडामा लियो; परमेश्वरले श्रापको सट्टा आशिष दिन लगाउनुभयो।
30. मोआबी र मिद्यानी स्त्रीहरूद्वारा फसाउने योजना; दोषी अगुवाहरू झुण्ड्याइए, महामारी आयो, पीनहासले मारेर रोकियो।
31. ती जातिहरू शैतानको साधन भएर इस्राएललाई ठूलो सत्यत्यागमा नतानून्, मुक्तिदाताको वंश जोगियोस् भनेर; उद्धारकर्ताको आगमन मानवजातिको हितका लागि अत्यन्त आवश्यक थियो।


## अन्तिम समयमा नाममात्रको मण्डली

1. वचनबाट टाढा जानेछ, २ तिमोथी ४:२–४
2. बहकाउने आत्माहरूको कुरा सुन्नेछ, १ तिमोथी ४:१–६
3. भक्तिको भेष मात्र धारण गर्नेछ, २ तिमोथी ३:१–५
4. झूटा शिक्षकहरूले भित्र पसेर प्रभाव पार्नेछन्, २ पत्रुस २:१–२
5. सांसारिक बन्नेछ, याकूब ४:४
6. साँचो विश्वासीहरूलाई सताउनेछ, २ तिमोथी ३:१२; प्रकाश १७:६; १८:२४
7. अन्ततः नाश हुनेछ, प्रकाश २:१८–२३; १८:१,२,८,२०

## निन्दा नसुनौं

निन्दाको कुरा भन्न कसैलाई पनि सजिलो हुँदैन— यदि त्यसलाई सुन्न तयार कोही छैन। तर जब कोही सुन्न इच्छुक हुन्छ, तब त्यस्ता कुरा फैलिन्छन्। त्यसैले, अरूको बदनाम गर्ने जिब्रोलाई रोक्न सिक्नुहोस्। कसैले निन्दा गर्न थालेमा, त्यस्ता कुरा सुन्न अस्वीकार गर्नुहोस्। सुन्ने मान्छे नभए निन्दा आफैं रोकिन्छ। आफ्नो कानलाई कहिल्यै अरूको असल नामको चिहान नबनाउनुहोस्। -Jewels For The Household

## पश्चात्ताप गर्नुहोस् र विश्वास गर्नुहोस्



"उहाँ (परमेश्वर) ले हामीसँग हाम्रा पापहरूअनुसार व्यवहार गर्नुभएको छैन, न ता हाम्रा अधर्महरूअनुसार हामीलाई बदला दिनुभएको छ। किनकि पृथ्वीमाथि आकाश जति उच्च छ, उहाँको डर मान्नेहरूप्रति उहाँको करूणा पनि उत्तिकै महान् छ। पश्चिमदेखि पूर्व जति टाढो छ, त्यति नै उहाँले हाम्रा अपराधहरू हामीदेखि टाढो हटाउनुभएको छ।" (भजनसङग्रह १०३:१०-१२)

यदि तपाईं परमेश्वरको कृपा र प्रेमलाई अस्वीकार गर्नेहरूमा पर्नुहुन्छ भने, तपाईंको भविष्यका लागि विनाशकारी ठहरिने एउटा गम्भीर पाप छ— **उद्धारकर्तालाई अस्वीकार गर्ने पाप।**

के **तपाई** अहिले नै आफ्ना पापहरूबाट पश्चात्ताप गरेर प्रभु येशू ख्रीष्टलाई **आफ्नो** उद्धारकर्ताका रूपमा स्वीकार गर्नुहुन्छ?

*(सम्पादकीय टिप्पणी: यदि तपाईंलाई कुनै साँचो आत्मिक निर्णय गर्न सहायता चाहिएको छ भने, तल उल्लेख गरिएको चर्चसँग सम्पर्क गर्नुहोस्।)*

सम्पर्क: नारायणगढ चर्च, लायन्स चोक, नारायणगढ, भरतपुर - २ ✦ 9855071310